# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७३।०२।२४ गते

## प्रेस विज्ञप्ति

**विषय: आरोप पत्र दायर गरिएको ।**

-----------------------------------------------------

जिल्ला दाङ्ग पंचकुले गा.वि.स.वडा नं.-५ स्थित सरस्वती उच्च मा.वि.का विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ,प्रधानाध्यापक र लेखापाल समेतको मिलेमतोमा विभिन्न आ.व.हरुमा विद्यालयको भौतिक निर्माणको लागि जिल्ला शिक्षा कार्यालयबाट सरकारी अनुदानको रुपमा प्राप्त रकम बदनियतसाथ हिनामिना गरी, भवन निर्माण कार्यमा निर्धारित गुणस्तर भन्दा कम गुणस्तरको सामाग्री प्रयोग गर्ने, निर्धारित शर्त र मापदण्ड विपरित कार्य गर्ने गराउने तथा झुठ्ठा विल भरपाई बनाई भुक्तानी लिने कार्यहरु गरि गराई नेपाल सरकारलाई हानी नोक्सानी र आफूहरुलाई गैर कानुनी लाभ पुर्याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) को (ख), (ग), र (ङ) बमोजिम कसुर गरेको पुष्टी हुन आएको हुदाँ उक्त कार्यमा संलग्न विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वुध्दिराम चौधरी, प्रधानाध्यापक वासुदेव मल्ल र लेखापाल दलबहादुर वली उपर विगो रु. ८,८२,०६२।६५ (अक्षरुपी आठ लाख वयासी हजार वैसठ्ठी रुपैया पैसठ्ठी पैसा) कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम जरीवाना र कैद सजाय हुन तथा भवन निर्माण समितीका अध्यक्ष कुल बहादुर घर्तीले बिद्यालयको भवन निर्माण गर्दा निर्धारित गुणस्तर पुरा नगरेको, निर्धारित शर्त उल्लघंन गरी कामहरु गरिगराई आफुलाई गैरकानुनी लाभ पुर्याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(४) बमोजिम कसुर गरेको पुष्टी हुन आएको हुदाँ निज भवन निर्माण समितीका अध्यक्ष कुल बहादुर घर्ती उपर विगो रु. ८,८२,०६२।६५ (अक्षरुपी आठ लाख वयासी हजार वैसठ्ठी रुपैया पैसठ्ठी पैसा) कायम गरी सोही ऐनको दफा ८(४) बमोजिम जरीवाना र कैद सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(कृष्णहरि पुष्कर)

सहसचिव एवं प्रवक्ता